Nepali | नेपाली



# आपतकालीन पुनःस्थापना सहायता कार्यक्रम

**जनवरी 2026 को डढेलो**

## तपाईंले जान्नु पर्ने कुराहरु

यदि तपाईं तत्काल खतरामा हुनुहुन्छ भने, **तीन शून्य (000) मा फोन गर्नुहोस्।**

यस दस्तावेजमा आपतकालीन पुनःस्थापना सहायता कार्यक्रमको बारेमा जानकारी छ।

यदि तपाईंलाई दोभाषे चाहिन्छ भने, अनुवाद तथा दोभाषे सेवाको लागि 131450 मा फोन गर्नुहोस्।

## कस्तो सहायता उपलब्ध छ?

आपतकालीन पुनःस्थापना सहायता कार्यक्रमले आपत्काल पछि मानिसहरू र परिवारहरूलाई मद्दत गर्दछ।

अब के गर्ने भन्ने कुरा जान्न पनि निकै गाह्रो हुन सक्छ। पुनःस्थापना सहायता अधिकारीहरूले तपाईंलाई मार्गदर्शन गर्न सक्छन्।

उनीहरूले तपाईंलाई निम्न कुराहरूमा मद्दत गर्न सक्छन् जस्तै:

- स्वास्थ्य तथा कल्याणका सेवाहरू
- आर्थिक सल्लाह र सहयोग
- स्थानीय सेवाहरू खोज्न
- बीमा र कानूनी प्रश्नहरू
- सरकारी सेवाहरूको लागि दर्ता।

सहायतामा सल्लाह, सिफारिस, वा आवश्यक परेमा थप मद्दत समावेश हुन सक्छ।

तपाईंका आवश्यकताहरू बारे बुझ्न र तपाईंलाई सही सहयोग उपलब्ध गराउन एक रिकभरी सपोर्ट अफिसरले तपाईंसँग सहकार्य गर्नेछ।

## आपतकालीन क्षेत्र छाडि सकेका मानिसहरू

तपाईंले आपतकालीन क्षेत्र छाडि सकेको भए पनि, तपाईंले मद्दत प्राप्त गर्न सक्नुहुन्छ। तपाईं अहिले बसोबास गर्ने ठाउँ नजिकै सहयोग उपलब्ध हुन सक्छ।

## सहयोग कसरी प्राप्त गर्ने

### फोनमार्फत

- तपाईंले 1800 560 760 मा आपतकालीन पुनःस्थापना हटलाइनमा फोन गर्न सक्नुहुन्छ (दोभाषेको लागि 9 थिच्नुहोस् वा 131 450 मा अनुवाद तथा दोभाषे सेवाहरूलाई फोन गर्नुहोस्)।

### थप मद्दत र सहायता

**https://services.dffh.vic.gov.au/emergency-relief-and-recovery-services मा जानुहोस्।**

तपाईं निम्न कार्यहरू पनि गर्न सक्नुहुन्छ:

- आफ्नो स्थानीय काउन्सिललाई सम्पर्क गर्न सक्नुहुन्छ
- 1800 226 226 मा VicEmergency लाई फोन गर्न सक्नुहुन्छ

**यो दस्तावेज अर्को ढाँचामा प्राप्त गर्न emergency.communications@dffh.vic.gov.au मा इमेल गर्नुहोस्।**

ISBN 978-1-76130-963-2 (pdf/online/MS word)

भिक्टोरिया सरकार द्वारा अधिकार प्रदान र प्रकाशित, 1 ट्रेजरी प्लेस, मेलबर्न।
© भिक्टोरिया राज्य, अष्ट्रेलिया, जनवरी 2026 । (2601512)

VICTORIA State Government